जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक १०१ २०८२ साल मंसिर १ गते सोमबार (17 Nov 2025 Monday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : जेनजी आन्दोलनका सहिद... ३ पृष्ठमा : क्षतिको विवरण उपलब्ध ... ३ पृष्ठमा :कम्बोडियामा बर्ड फ्लूबाट...

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

## करदाता सेवा कार्यालय खारेजीको बिरोधमा जिप्रकामा धर्ना



**दैनिक समाचारदाता**
**राजविराज, ३० कात्तिक ।**

राजविराजस्थित करदाता सेवा कार्यालय आन्तरिक राजश्व कार्यालय लहानमा गाभ्ने निर्णय बिरुद्ध सप्तरी उद्योग बाणिज्य संघको अगुवाईमा उद्योगि, व्यापारी तथा निर्माण व्यावसायीहरुले आइतबार एक घण्टा जिल्ला प्रशासन कार्यालय सप्तरी अगाडी धर्ना दिएका छन् ।

नेपाल सरकार मन्त्रीपरिषद कात्तिक १७ गतेको बैठकले मुलुकभरका ३८ वटा करदाता सेवा कार्यालयलाई खारेज गर्ने निर्णय गरेपछी सप्तरीका उद्योगि व्यापारीहरु आन्दोलित भएका हुन् ।

दोश्रो चरणको आन्दोलनका क्रममा शनिकार उद्योगि व्यापारीहरुले कालोपट्टी बाधेर कारोबार गर्दै आइतबार प्रशासन कार्यालयमा धर्ना बसेका हुन् ।

यसअघि बिहीबार साँझदेखी घरदैलो कार्यक्रम मार्फत हस्ताक्षर संकलन गरि शुक्रबार उद्योगी व्यवसायी तथा सरोकारवालाले कालोपट्टी बाँधेर प्रमुख जिल्ला अधिकारीलाई हस्ताक्षरित तुल बुझाएका थिए ।

बि.स. २०७५ साल भदौं १६ गते तत्कालिन अर्थमन्त्री युवराज खतिवडाले राजविराज वडा नं. ६ सिरहा रोडस्थित सो कार्यालय उद्घाटन गरेका थिए । त्यसपछी उक्त कार्यालय राजविराज वडा नं. ७ स्थित आफ्नै भवनमा सरेको थियो । तर भदौं २५ गते जेनजी आन्दोलनका क्रममा कार्यालयमा आगजनी भएपछी कार्यालय क्षतिग्रस्त हुँदा हाल नजिकैको भाडाको भवनमा संचालन हुँदै आएको छ ।

करदाता सेवा कार्यालयको तथ्यांक अनुसार ६६ हजार ५ सय ६१ सक्रिय करदाता रहेको यस कार्यालयले गत आ.व. २०८१/०८२ मा कार्यालयले ८७ करोड २७ लाख रुपैयाँ राजस्व संकलन गरेको थियो । कार्यालयले चालु आ.ब. २०८२/०८३ मा १ अर्ब १४ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेको छ ।

## राजविराजका देवसहित चार जना खैरो हिरोइनसहित पक्राउ

**दैनिक समाचारदाता**
**काठमाडौँ, ३० कात्तिक ।**

नेपाल प्रहरीले लागुऔषध खैरो हिरोइन ओसारपसार गरी बिक्री गर्ने राजविराजका एक गरि चार जनालाई पक्राउ गरेको छ ।

राजबिराजका ३९ वर्षीय रविआनन्द देव, भारतको हरिपुरका २३ वर्षीय राजा कुमार, भारतको स्वस्तिकनगरका २१ वर्षीय देवेन्द्रकुमार शाह र मोरङका २९ वर्षीय पुष्प मगरलाई पक्राउ गरिएको ब्युरोका सहप्रवक्ता एवं प्रहरी नायब उपरीक्षक चन्द्रभूषण यादवले जानकारी दिएका छन् ।

बिशेष सूचनाका आधारमा प्रहरीले छापा मार्दा राजबिराजका देवको काठमाडौँ महानगरपालिका-१३ स्थित पनेरुगाउँको कोठाबाट २७२ ग्राम खैरो हिरोइन फेला परेको प्रहरीले जनाएको छ ।

भारतीय नागरिक राजा र देवेन्द्रले स्कर्पियो गाडीमा भारतबाट खैरो हिरोइन ल्याएर बिक्री गर्न लागेको अवस्थामा चन्द्रागिरि नगरपालिकास्थित ढुङ्गे अड्डाबाट ५९२ ग्राम र मगरको साथबाट कोटेश्वर क्षेत्रबाट ९३ ग्राम बरामद गरिएको सहप्रवक्ता यादवले जानकारी दिए ।

लागुऔषध नियन्त्रण ब्युरोका प्रहरी नायब निरीक्षक विचित्र मगरसहितको टोलीले भारतबाट

***बाँकी अन्तिम पृष्ठमा***

## कार्यालय प्रमुखको सरुवा रोक्नु पर्ने मागसहित खानेपानी संस्थानमा तालाबन्दी



**दैनिक समाचारदाता**
**राजविराज, ३० कात्तिक ।**

कार्यालय प्रमुखको सरुवा रोक्नु पर्ने माग राख्दै राजबिराजस्थित खानेपानी संस्थानको कार्यालयमा तालाबन्दी गरिएको छ ।

आइतबार उक्त कार्यालयमा जेनजी समूहका अगुवा मो. मुस्तकिम आलमको नेतृत्वमा पुगेको टोलीले तालाबन्दी गरेका छन् । तालाबन्दीका कारण कार्यालयको दैनिक कामकाज प्रभावित बनेको छ ।

***बाँकी अन्तिम पृष्ठमा***

## चालु आवको चौमासिक अवधि, २५ स्थानीय तह बजेटविहीन

काठमाडौँ, ३० कात्तिक (रासस) ।

चालु आर्थिक बर्षको चार महिना पूरा भए पनि मधेश प्रदेशका २४ स्थानीय तहले बजेट प्रस्तुत गर्न सकेका छैनन् । देशभर हालसम्म कूल सात सय २८ स्थानीय तहले बजेट प्रस्तुत गरे पनि २५ स्थानीय तहले बजेट ल्याउन सकेका छैनन् ।

संवैधानिक व्यवस्थाअनुसार हरेक वर्षको जेठ १५ गते सङ्घीय सरकारले, असार १ गते प्रदेश सरकारले र असार १० गते स्थानीय तहले बजेट प्रस्तुत गर्नुपर्दछ । चालु आवको एक चौमासिक बित्दासमेत मधेस प्रदेशका कुल एक सय ३६ स्थानीय तहमध्ये एक सय १२ स्थानीय तहले बजेट प्रस्तुत गरे पनि २४ स्थानीय तहले प्रस्तुत गरेका छैनन् ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार, सप्तरीको राजबिराज नगरपालिका, अग्नीसाइर कृष्णासबरण गाउँपालिका, बलान बिहुन गाउँपालिका, खडक नगरपालिकाले बजेट प्रस्तुत गरेका छैनन् ।

यस्तै, सिराहाको धनगढीमाई नगरपालिका, सुखीपुर नगरपालिका, धनुषाको क्षिरेश्वर नगरपालिका, नगराइन नगरपालिका, औरही गाउँपालिका, कमला नगरपालिका, जनकनन्दिनी गाउँपालिकाले चालु आवको बजेट प्रस्तुत गर्न सकेका छैनन् ।

त्यस्तै, धनुषाको धनौजी गाउँपालिका,महोत्तरीको सोनमा गाउँपालिका, मलङ्गवा नगरपालिका, सर्लाहीको हरिवन नगरपालिका र चन्द्रनगर गाउँपालिका तथा रामनगर गाउँपालिका, रौतहटको कटहरिया नगरपालिका, देवाही गोनाही नगरपालिका, फतुवा बिजयपुर नगरपालिका, यमुनामाइ गाउँपालिका, बाराको महागढीमाई नगरपालिका, विश्रामपुर गाउँपालिका र पर्साको पकाहा मैनपुर गाउँपालिकाले चालु आवको बजेट हालसम्म प्रस्तुत नगरेको पाइएको छ । त्यस्तै, लुम्बिनी प्रदेशको शुद्धोधन गाउँपालिकाले हालसम्म चालु आवको बजेट प्रस्तुत गरेको छैन ।

**चिसो मौसममा सुरक्षित रहौं।**

चिसो मौसममा:

- तातो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोपिलो र झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,
- न्यानो सिरक ओढेर सुत्ने गरौं,
- जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं,
- चिसोमा हिंडडुल (मर्निङ्ग वाक) नगरौं,
- कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

सावधानी अपनाऔं, स्वस्थ रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### स्थानीयस्तरमै आयश्रोतका साथै रोजगारीको अवस्था सृजना गरौं

पालिकाहरुले स्थानीयस्तरमै आन्तरिक आयश्रोत बढाउने कार्य तर्फ अग्रसर हुनुपर्ने अवस्था रहेको छ । स्थानीय स्तरमै रहेका विभिन्न मनोरमीय, धार्मिक तथा पर्यटन स्थलहरुलाई आय श्रोतको रुपमा अगाडी बढाउन सके रोजगारीको अवस्था सृजना समेत हुन्छ । त्यस्ता स्थलहरुको पहिचान गरि दिर्घकालिन नीति बनाएर अगाडी बढाउन सकिए ती स्थलहरु पर्यटक स्थलको रुपमा अगाडी बढ्नुका साथै रोजगारीको अवस्था सृजना तथा पालिकाको पनि चिनारी हुनेछ । यसका लागि सम्पूर्ण पालिकाले आ–आफ्नो क्षेत्रमा रहेका प्राकृतिक स्थलहरुको अध्ययन र अनुसन्धान समेत अगाडी बढाउन अग्रसरता देखाउनु जरुरी छ ।

सप्तरी जिल्लामा त्यस्ता अनेकौं स्थलहरु छन् तर, पालिकाहरु त्यसतर्फ गम्भिर बन्न सकेका छैनन् । मात्र संघ र प्रदेशको मुख ताकेर बजेट आउने आशमा हुन्छन् । स्थानीय तहमै आयको श्रोत हुँदा पनि त्यसतर्फ गम्भिर नहुनु र अरुको मुख ताक्नु विडम्बना हो । त्यस्ता स्थलहरुको दिर्घकालिन नीति बनाएर पञ्च वर्षिय योजनामा राख्न सके आम्दानीको श्रोत पक्कै पनि बढ्न सक्छ । पालिकाहरुले ती स्थलहरुप्रति ध्यान दिन नसकेकोले त्यस्ता स्थलहरुको अस्तित्व नै ओझेलमा पर्न थालेको छ । आन्तरिक पर्यटन, धार्मिक तथा रमणिय स्थलहरु सप्तरीमा एक दर्जन भन्दा बढी छन् । तर, ती स्थलहरु उचित सम्बर्द्धन र विकासको अभावमा बाझो परेको अवस्था रहेको छ । शिवशनि धाम, लोहजरा दह, धारापानी, दुधेला खोला, कृष्णासवरण, छिन्नमस्ता, कंकालिनी, राजदेवी लगायत स्थलहरु स्थनिय निकायको हेलचक्राइका कारण अहिलेसम्म ओझेलमा परेको छ । स्थानिय तहले हालसम्म ती क्षेत्रहरुको सम्बर्द्धन तथा विकासका लागि कुनै बजेट बिनियोजन गरेको देखिदैन ।

तसर्थ स्थानिय सरकारले आन्तरिक आय श्रोत बढाउनका लागि ती स्थलहरुलाई प्राथमिकतामा राखी अग्रसरता देखाए रोजगारीको अवस्था समेत सृजना हुनेछ ।

# जेनजी आन्दोलनका सहिद : छोरीलाई डाक्टर बनाउने सपना जेनजी आन्दोलनसँगै अन्त्य

**हरिकुमार राई**

उदयपुर, ३० कात्तिक (रासस) ।

सबै मानिसको आ–आफ्ना सपना लक्ष्यहरु रहेका हुन्छन्, कसैको लक्ष्य सङ्घर्षको क्रममा पूरा हुन्छ भने कसैले लक्ष्य प्राप्तिका लागि सङ्घर्षरत रहँदै गर्दा अचानक बीचमा जीवनलीला नै अन्त्य भएर यो संसारबाट सधैँका लागि छाडेर जानुपर्ने हुन्छ । जीवनमा कसको लेखान्तर कस्तो हुन्छ भन्ने कसैलाई थाहा छैन ।

उदयपुर जिल्लाको चौदण्डीगढी नगरपालिका–३ बसाहास्थित आमसालमा जन्मी हुर्किएर कान्छी छोरीलाई डाक्टर बनाउने सपनासहित काठमाडौँको कपनमा मजदुर काम गर्दै आएका सारकुमार राईको कान्छी छोरीलाई डाक्टर बनाउने सपना पनि गत भदौ २३ को जेनजी आन्दोलनका क्रममा गोली लागेर ढलेपछि सदाका लागि राईको सपना अन्त्य भएको छ । जीवनमा आफूले ठूलो प्रगति गर्न नसके पनि सन्तानलाई ठूलो मान्छे बनाउने उत्कट चाहना हरेक बाबुआमालाई हुने गर्दछ तर सबैका चाहना पूरा हुन सक्दैनन् । यही अधुरो चाहनामै जीवन गुमाउनुपर्‍यो सारकुमारले पनि ।

विसं २०५६ देखि २०५८ सम्म सर्लाही र चितवनतिर रोजगारी गर्दै हिँडेको स्व राईले २०५८ सालमा सर्लाही बरहथवाकी सुनिता मगरसँग भेट भएपछि दुवैको प्रेम विवाह भएको स्व राईका श्रीमती सुनिता बताउनुहुन्छ । दुवैको जेठी छोरीका रुपमा २०६३ सालमा ठूली छोरी अनुसाको जन्म भएको र २०६८ सालमा कान्छी छोरी आकृतिको जन्म भएको स्व राईका श्रीमती सुनिता बताउनुहुन्छ । दुवै छोरीको जन्म भए पनि दुःख र बेरोजगारीका कारण ठूली छोरीलाई कक्षा ८ भन्दाबढी पढाउन नसकिएको पनि सुनिता बताउनुहुन्छ ।

सानैदेखि कान्छी छोरीको पढाइ राम्रो रहेका कारण पनि चितवनमा रोजगार गर्दै आएका सारकुमार राईले आफू काठमाडौँमा गएर रोजगारी गरेर भए पनि कान्छी छोरीलाई डाक्टर बनाउने भन्दै चितवनबाट काठमाडौँको कपनमा गएर घर रङरोगन गर्ने मजदुर काम गर्दै आउनुभएको थियो । गत भदौ २३ गतेको जेनजी आन्दोलनका क्रममा काम छाडेर जेनजी मजदुरहरुसहित सडकमा हिँडिरहेका राईलाई देब्रेपट्टिको कञ्चटबाट गोली लागेपछि दाहिने त्यहीँ ढल्नुभयो ।

त्यस दिनको घटना स्मरण गर्दै सुनिता भन्नुहुन्छ, "तत्काल उहाँलाई फोन गरेँ उठेन, तर रातको ९:०० बजे उहाँकै साथीले मलाई फोन गरेर दाइ त गोली लागेर अस्पतालमा गम्भीर बिरामी हुनुहुन्छ भनेपछि म त बेहोस भएछु ।" जीवनमा यस्तो घटना सुन्नुपर्ला भन्ने उहाँले कहिल्यै सोच्नु भएको थिएन । दुई दिनपछि चितवनबाट काठमाडौँ पुग्दा श्रीमानको मृत्यु भइसकेको थियो ।

सुनिताका अनुसार श्रीमान्को मृत्युपश्चात् आफू उदयपुरको चौनपा–३ बसाहा फर्केर आएको र त्यसको १० दिनपछि श्रीमान्को शवलाई घरमा सेनाले काठमाडौँबाट ल्याइदिएका कारण घरको आफैँ कर्ता भएर किरिया राईको अन्तिम संस्कार गराउनुभयो । कान्छी छोरी र आफू किरिया पुत्री बसेर काजकिरियासमेत सम्पन्न गरेको श्रीमती राई बताउनुहुन्छ ।

स्व सारकुमार राईको दिदी कुमारी राईका अनुसार सारकुमार राईको घरपरिवारमा पाँच दाजुभाईमध्ये सारकुमार साइला छोरा रहेको र उहाँले गाउँको स्कुलमा सामान्य ६ कक्षासम्म मात्र अध्ययन गरेका थिए । विसं २०७२ मा आमा नेपी मायाको निधन भएको र २०८० सालमा बुवा गजब सिं राईको निधन भएको स्व राईका दिदी कुमारी बताउनुहुन्छ ।

स्व राई सात वर्षदेखि काठमाडौँको कपन क्षेत्रमा घरको रङगरोग गर्ने मजदुरका रुपमा काम गर्दै आउनुभएको थियो भने श्रीमती सुनिता चितवन भरतपुर महानगरपालिका–११ स्थित मनशिला बोर्डिङ स्कूलको होस्टेलमा काम गर्ने गर्नुहुन्छ । उहाँले सोही स्कुलमा कान्छी छोरी आकृतिलाई पढाउँदै आउनु भएको छ । अहिले उनी कक्षा १० मा अध्ययनरत छिन् । सुनिताका अनुसार ठूली छोरी अनुसालाई पढाउन नसकिएका कारण हाल भारतको हिमाञ्चल प्रदेशमा आफ्ना दिदीसँग बस्दै आएकी छिन् । श्रीमती सुनीता श्रीमान्बारे यसो भन्नुहुन्छ, "चौदण्डीको बसाहामा सबै दाजुभाइको संयुक्त १५ कट्ठा सुक्खा बारी जग्गा रहेको र एउटा काठको घरसमेत रहेकामा हाल दाजुहरु र उहाँहरुको परिवारहरु बस्दै आएका छन् ।"

सुनिताका अनुसार श्रीमान्ले मजदुर गरेर नै बसाहामा एउटा घर पनि बनाउने र कान्छी छोरीलाई पनि डाक्टर पढाउने अठोट गरेर चितवनबाट आफूसहित छोरीलाई यहाँ राखेर काठमाडौँ जानुभएको थियो । छोरीलाई डाक्टर पढाउनका लागि धेरै खर्च लाग्ने भनेर केही खर्च पनि जुटाउँदै कृषि विकास बैंकमा जम्मा गर्ने गरेको सुनिता बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "श्रीमान् काठमाडौँमा हुँदा दुई–तीन महिनामा एकपटक भेट्न चितवन आइरहनुहुन्थ्यो, हिजोआज त म एक्लै छु तर छोरीलाई हेरेर मन बुझाएर बसेकी छु ।"

छोरी डाक्टर पढ्न थालेपछि मात्र श्रीमतीसहित बसाहा गएर घर बनाउने र बस्न भन्दै काठमाडौँबाट घर फर्कने अठोट लिएर काठमाडौँ कपनमा मजदुरी गर्दै आएका सारकुमार भदौ २३ को जेनजी आन्दोलनका क्रममा गोली लागेर सहिद हुन पुग्नुभयो । श्रीमान्को अधुरो सपना आफूले पूरा गर्ने भन्दै श्रीमती सुनिता भन्नुहुन्छ, "श्रीमान्ले अधुरो छाडेर गएको सपना छोरीलाई डाक्टर बनाउने सपना मैले पूरा गर्ने अठोट लिएकी छु ।"

सारकुमारलाई जेनजी सहिद घोषणा गरेपछि सरकारबाट सहयोग भएको रु १५ लाखमध्ये पाँच लाख श्रीमान्को काजकिरियामा खर्च भएको र र बाँकी १० लाख कृषि विकास बैंकमा जम्मा गरेर राखेको उहाँको भनाइ छ । श्रीमान्ले मजदुर गरेर कमाएको केही रकम पनि बैंकमा रहेको र पछि सोही खर्चबाट र सरकारले केही सहयोग गरे आफूले घर नबनाएर भए पनि छोरीलाई डाक्टर बनाएरै छाड्ने सुनिताको अठोट रहेको छ ।

स्व सारकुमारका छिमेकी चौनपा–३ बसाहाका रामबहादुर राईका अनुसार सारकुमार सानैदेखि सोझो र इमानदार र परिश्रमी रहेका थिए । घरमा धेरै भाइछोराहरु रहेको र आर्थिक कमजोर भएका कारण गाउँमा ६ कक्षासम्म मात्र अध्ययन गर्नुभएका सारकुमार मजदुरी गर्नकै लागि सर्लाहीबाट चितवन हुँदै काठमाडौँको कपनमा काम गर्दै आउनुभएको थियो ।

आफू दुःखले पढ्न नपाए पनि कान्छी छोरीलाई डाक्टर बनाउने सपना बोकेका राईको गत भदौ २३ गतेको जेनजी आन्दोलनका क्रममा गोली लागेर सहिद हुन पुगेपछि उनको सपना अधुरै अन्त्य भएको बसाहा आमसालका कृपाराज राईले बताउनुहुन्छ । उदयपुर बेलका नगरपालिका–४ का सन्तोष विक पनि जेनजी आन्दोलनका क्रममा राईसँगै गोली लागेर सहिद हुनुभएको छ ।


# सीमा सुरक्षालाई थप प्रभावकारी बनाउन सहकार्य बढाइने

काठमाडौँ, ३० कात्तिक (रासस) ।

सशस्त्र प्रहरी बल, नेपाल र भारतको सशस्त्र सीमा बल (एसएसबी) बीच संयुक्त सीमा गस्ती र सीमा सुरक्षालाई थप प्रभावकारी बनाउन आवश्यक समन्वय र सहकार्य बढाउने समझदारी भएको छ ।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल नेतृत्वको नेपाली प्रतिनिधिमण्डल र भारतको सशस्त्र सीमा बल (एसएसबी) का महानिर्देशक संजय सिङ्घल नेतृत्वको भारतीय प्रतिनिधिमण्डलबीचको द्विपक्षीय नवौं समन्वयात्मक बैठकमा सीमा अपराध नियन्त्रण,

***बाँकी तीन पृष्ठमा***



नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज

मिति :-२०८२/०७/२६

विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. ६० सुखदेव मंडर धानुकको नाममा कायम रहेका साविक प्रगन्ना जगदर मौजे लालापट्टी सा.कि.नं. २३५६ को ज.वि. ०-१०-४ २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. लालापट्टी वडा नं.१ हाल छिन्नमस्ता गा.पा. वडा नं. ४ बस्ने फुदन यादवको नाती बुनि यादवको छोरा टुनटुन यादवले यस कार्यालयमा द.नं. २८०३४ मिति २०८२/०२/०५ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०७/२६ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाटा पैनी, पौवा, पार्क, हाट,गेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| २३५६ | सुखदेव मंडर धानुक | लालापट्टी | ५.ख | २४ | ०-१७-४ मध्ये उत्तर तर्फबाट ०-८-१२ | टुनटुन यादव | यो जग्गा [illegible] किसान को महल खाली, किसानको [illegible] महल खाली, कैफियत महलमा यो जग्गा उत्तर तर्फबाट टुनटुन यादव वार्ड नं. १ बस्नेको नम्बरी हो जनिएको। |

किशोर कुमार राम
कार्यालय प्रमुख


## डा. भगवती यादव
**Dr. Bhagwati Yadav**
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

## डा. सरोज कुमार साह
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

## डा. जयन्ती यादव
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# क्षतिको विवरण उपलब्ध गराउन सङ्घीय मामिला मन्त्रालयको आग्रह

काठमाडौं, ३० कात्तिक (रासस)।

सरकारले गत भदौ २३ र २४ गते भएको जेनजीको आन्दोलनका कारण भएको क्षतिको विवरण उपलब्ध गराउन सबै गाउँपालिका र नगरपालिकालाई आग्रह गरेको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देशभरका सात सय ५३ वटै स्थानीय तहलाई पत्राचार गरी क्षतिको विवरण उपलब्ध गराउन आग्रह गरेको छ। मन्त्रालयले यही कात्तिक २७ गते एक पत्रमार्फत आन्दोलनका क्रममा भएको क्षतिको विवरण अनलाइन पोर्टलमा प्रष्टि गर्न पत्राचार गरिएको उल्लेख गरेको छ।

मन्त्रालयले क्षतिको विवरण अनलाइन पोर्टलमा प्रविष्ट गर्नेसम्बन्धी आवश्यक जानकारी गराउन भनिएको छ। पुनः निर्माणलगायतका कामका लागि विवरण उपलब्ध गराउन भनिएको मन्त्रालयले स्पष्ट पारेको छ। सरकारले आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन तथा पुनः निर्माण योजना तयारीका लागि गत असोज ५ गतेको मन्त्रिपरिषद्को बैठकले पाँच सदस्यीय समिति गठन गरेको थियो।

तथ्याङ्क सङ्कलनमा एकरुपता र सहजताका लागि समितिले अनलाइन पोर्टल तयार गरी सम्बन्धित स्थानीय तहले स्थानीय तह अन्तर्गतका कार्यालय, स्थानीय तह भित्रका विवरण गर्न भनिएको हो। क्षतिको तथ्याङ्क प्रविष्ट गर्न छुट भएको भए मन्त्रालयले तयार पारेको पोर्टलमा विवरण उपलब्ध गराउन र अपलोड गर्न अनुरोध गरिएको छ।

# मुद्रास्फीति एक दशमलव ६७ प्रतिशत

काठमाडौं, ३० कात्तिक (रासस)।

गत वर्षको तुलनामा मुद्रास्फीति उल्लेख्य रुपमा घटेको देखिएको छ। नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको चालू आर्थिक वर्ष २०८२/८३ को देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार गत असोजमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति एक दशमलव ४७ प्रतिशत देखिएको छ। अघिल्लो आर्थिक वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति चार दशमलव ८२ प्रतिशत रहेको थियो।

आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासको औसत मुद्रास्फीति एक दशमलव ६७ प्रतिशत छ। अघिल्लो वर्षको सोही अवधिको औसत मुद्रास्फीति चार दशमलव २६ प्रतिशत रहेको थियो।

गत असोज महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति दुई दशमलव ५४ प्रतिशतले ऋणात्मक रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ८० प्रतिशत रहेको छ। खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यू तथा तेल उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क सात दशमलव ७५ प्रतिशत, गैरमदिराजन्य पेय पदार्थको तीन दशमलव ७१ प्रतिशत र माछा तथा मासुको तीन दशमलव १५ प्रतिशतले बढेको छ। तरकारी उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १५ दशमलव ६३ प्रतिशत, मरमसलाको सात दशमलव ८२ प्रतिशत र दाल तथा गेडागुडीको चार दशमलव ४१ प्रतिशतले घटेको छ।

गैरखाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १५ दशमलव ५१ , शिक्षाको सात दशमलव ६७, कपडाजन्य तथा जुत्ताचप्पलको छ दशमलव २९, सुर्तीजन्य पदार्थको चार दशमलव ८४ र फर्निसिङ तथा घरायसी उपकरणको चार दशमलव ५५ प्रतिशतले बढेको छ। बीमा तथा वित्तीय सेवा उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क शून्य दशमलव २३ प्रतिशतले घटेको छ।

त्यस्तै, ग्रामीण क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क एक दशमलव २९ प्रतिशतले र सहरी क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क एक दशमलव ५३ प्रतिशतले बढेको छ।

प्रदेशगत रूपमा समीक्षा महिनामा कोशी प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति दुई दशमलव ३३, मधेश प्रदेशको एक दशमलव २०, बागमती प्रदेशको एक दशमलव १३, गण्डकी प्रदेशको एक दशमलव १६, लुम्बिनी प्रदेशको एक दशमलव ८९, कर्णाली प्रदेशको एक दशमलव ९१ प्रतिशत र सुदूरपश्चिम प्रदेशको शून्य दशमलव ६९ प्रतिशत रहेको छ।

त्यस्तै काठमाडौं उपत्यकाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति एक दशमलव ४३, तराईको एक दशमलव २९, पहाडको एक दशमलव ५० प्रतिशत र हिमालको दुई दशमलव ३३ प्रतिशत रहेको छ।

# जसपा नेपालले पदाधिकारी तथा कार्यकारिणी समिति सदस्य थप गर्ने

काठमाडौं, ३० कात्तिक (रासस)।

जनता समाजवादी पार्टी (जसपा) नेपालले पदाधिकारी तथा केन्द्रीय कार्यकारिणी समिति सदस्य थप गर्ने भएको छ। पार्टीको केन्द्रीय समितिको बैठकले एक उपाध्यक्ष, एक महासचिव र सात कार्यकारिणी सदस्य थप्ने निर्णय गरेको पार्टीका प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिनुभयो।

उहाँका अनुसार सात कार्यकारिणी सदस्यहरुको पदपूर्ति गर्दा मधेशी दलित एक, महिला दुई, मुस्लिम एक र खुला तीन रहनेछन्। आगामी केन्द्रीय समितिको बैठकबाट निर्वाचनद्वारा उपरोक्त पदहरुको पदपूति गरिने बस्नेतले बताउनुभयो।

पदाधिकारी तथा सदस्य थप गरेसँगै जसपा नेपालको पदाधिकारी २१ सदस्यीय र केन्द्रीय कार्यकारिणी समिति ४१ सदस्यीय हुनेछ। जसपा नेपालले केन्द्रीय समितिमा पाँच सदस्य थप गरेको जनाइएको छ।

### *सीमा सुरक्षालाई ...*

लागूऔषध ओसारपसार नियन्त्रणलगायत बारेमा छलफल भएको थियो।

यस्तै सीमा क्षेत्रमा हुने अवैध चोरीनिकासी तथा पैठारी नियन्त्रण, अवैध आवतजावत नियन्त्रण, सूचना तथा तालिम आदानप्रदान गर्नेबारेमा विचारविमर्श भएको सशस्त्र प्रहरी बलका सहप्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिनुभयो।

यही कात्तिक २६ देखि २८ गतेसम्म भारतको नयाँ दिल्लीमा सञ्चालित सो बैठकमा गत मङ्सिरमा काठमाडौंमा सम्पन्न आठौँ समन्वयात्मक बैठकबाट पारित एजेण्डा कार्यान्वयको विषयमा समीक्षा भएको थियो। बैठकबाट पारित साझा धारणालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र आगामी रणनीतिका विषयमा समेत छलफल भएको थियो।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय ससरी,राजविराज

मिति :-२०८२/०७/२६

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २०१६ सालको विर्ता श्रेष्ता बमोजिम हरी किशुन साहु तेलीको नाममा कायम रहेका साविक प्रगन्ना पकरी मौजे अकबरपु सा.कि.नं. १३८२ को ज.वि. ०-०-१५ मध्ये हरि किशुन साह तेलीकोको नाममा ७ नं. फाटवारीमा जि.स. पं. महादेवा ज.वि. ०-०-१५ कायम भएको जग्गा २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला ससरी गा.वि.स. महादेवा वडा नं.५ हाल महादबा गा.पा. वडा नं. २ बस्ने गेना सागुको नाति फौदी साहको छोरा हरि किशुन साह तेलीको यस कार्यालयमा द.नं. २७७४ मिति २०८२/५/१७ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०७/२६ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्बजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १३८२ | हरि किशुन साहु तेली | महादेवा | ५क | २२० | ०-१-० | हरि किशुन साह तेली | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महल खाली रहेको। |

किशोर कुमार राम
कार्यालय प्रमुख
कार्यालय प्रमुख

## विश्व समाचार

# कम्बोडियामा बर्ड फ्लूबाट युवकको मृत्यु

फ्नोम पेन्ह, ३० कात्तिक (रासस/सिन्ह्वा)।

क्याम्बोडियामा २२ वर्षीय एक युवक 'एच५एन१' फ्लुबाट मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

'एच५एन१' भनेको बर्ड फ्लूको एक प्रकारको इन्फ्लुएन्जा भाइरस हो। यसले उच्च मृत्यु दर देखाउने हुँदा स्वास्थ्यका दृष्टिले जोखिमपूर्ण मानिन्छ। एच५एन१ बाट सङ्क्रमित मानिसमा सामान्यतया ज्वरो, खोकी, घाँटी दुखाइ र श्वासप्रश्वासमा समस्या देखा पर्न सक्छ।

यो भाइरस प्रायः सङ्क्रमित चराको सँगको प्रत्यक्ष सम्पर्क र त्यसको उत्सर्जन (मल, लार र ढिक्री) मार्फत फैलिन्छ। मानवबाट मानवमा सङ्क्रमण दुर्लभ भए पनि, यदि भाइरसमा उत्परिवर्तन हुन्छ भने महामारीको खतरा बढ्न सक्छ।

स्वास्थ्य मन्त्रालयका अनुसार, राष्ट्रिय सार्वजनिक स्वास्थ्य संस्थानको प्रयोगशालामा गरिएको परीक्षणमा १५ नोभेम्बर सन् २०२५ मा युवक एच५एन१ भाइरसको सङ्क्रमणमा रहेको पुष्टि भएको थियो।

मृतक युवक राजधानी फ्नोम पेन्हको क्रोय चाङ्भर जिल्ला अन्तर्गत केन ख्लेङ गाउँमा बस्दै आएका थिए। स्वास्थ्य अधिकारीहरूले सङ्क्रमणको स्रोत पत्ता लगाउन अनुसन्धान सुरु गरेका छन् र समुदायमा फैलावट रोक्न मृतकसँग सम्पर्कमा रहेका व्यक्तिहरूको परीक्षण गरिरहेका छन्।

साथै, सङ्क्रमितसँग प्रत्यक्ष सम्पर्कमा आएका व्यक्तिहरूलाई टामिफ्लु (ओसेल्टामिभिर) वितरण गरिएको छ, जसले फ्लुको फैलावट रोक्न सहयोग पुर्‍याउँछ।

एच५एन१ फ्लु प्रायः बिरामी चराचुरुङ्गीहरूमा फैलिन्छ, तर कहिलेकाहीँ मानिसमा पनि सर्छ।

स्वास्थ्य मन्त्रालयले जनतालाई सचेत रहन र बिरामी चराचुरुङ्गी नखान आग्रह गरेको छ। मन्त्रालयका अनुसार, यस बर्ष हालसम्म १७ जना क्याम्बोडियामा एच५एन१ सङ्क्रमणका घटना देखा परेका छन्, जसमा ६ जनाको मृत्यु भएको छ।

# श्रीलङ्का पर्यटन क्षेत्र बलियो हुँदै, आम्दानीमा निरन्तर वृद्धि

कोलम्बो, ३० कात्तिक (रासस/सिन्ह्वा)।

श्रीलङ्का केन्द्रीय बैङ्कका अनुसार सन् २०२५ का पहिलो दस महिनामा देशले पर्यटन क्षेत्रबाट झण्डै दुई अर्ब छ करोड साठ्ठी लाख अमेरिकी मुद्रा बराबरको आय प्राप्त गरेको छ, जसले अघिल्लो वर्षको सोही अवधिको तुलनामा करिब चार दशमलव नौ प्रतिशत वृद्धि भएको छ।

जुन महिनामा मात्र पर्यटन आम्दानी एक सय छयासी करोडभन्दा बढी पुगेको बैङ्कले जनाएको छ। श्रीलङ्का पर्यटन विकास प्राधिकरणका तथ्याङ्कअनुसार चालु वर्षको सुरुदेखि कात्तिक २९ गतेसम्म झण्डै उन्नाइस लाखभन्दा बढी विदेशी पर्यटक श्रीलङ्का पुगेका छन्, जसमा भारत पहिलो ठूलो स्रोत मुलुक रहेको छ।

भारतपछि बेलायत, रसिया, जर्मनी र चीन प्रमुख आगन्तुक मुलुक बनेका छन्, जहाँ प्रत्येक देशबाट एक-एक लाखभन्दा बढी पर्यटक आएका छन्। पर्यटनको पुनरुत्थानसँगै होटल, यातायात, सेवा व्यवसाय तथा स्थानीय अर्थतन्त्रमा सकारात्मक प्रभाव परेको बताइन्छ र श्रीलङ्काले बढ्दो पर्यटनलाई आर्थिक पुनर्जीवनको महत्वपूर्ण आधारका रूपमा हेरिरहेको छ।

# लाहोर विश्वको दोस्रो प्रदूषित सहर

लाहोर (पाकिस्तान), ३० कात्तिक (रासस/एएनआई)।

पाकिस्तानको सांस्कृतिक राजधानी लाहोर शनिबार ३९६ को बायु गुणस्तर सूचकाङ्क (एक्युआई) दर्ता भएसँगै विश्वको दोस्रो सबैभन्दा प्रदूषित सहर बनेको एआरवाई न्युजले जनाएको छ। रिपोर्टहरू उद्धृत गर्दै एआरवाई न्युजले पन्जाब प्रान्तका विभिन्न क्षेत्रमा हावाको गुणस्तर अत्यन्तै खतरनाक अवस्थामा पुगेको उल्लेख गरेको छ।

एक्युआई ५७१ पुग्दै फैसलाबाद पाकिस्तानको सबैभन्दा प्रदूषित सहरका रूपमा उभिएको छ भने गुजरानवाला ५७० कण पदार्थको स्तरका साथ दोस्रो स्थानमा रहेको छ। त्यस्तै लाहोरको एक्युआई ३९६ र मुल्तानको २५७ दर्ता भएको जनाइएको छ।

गत वर्ष जाडो सुरु भएपछि पन्जाबले लगातार वायु प्रदूषण र घना धुवाँको समस्या झेल्दै आएको थियो। धुवाँ नियन्त्रणका लागि अधिकारीहरूले निरन्तर प्रयास गरे तापनि हावाको गुणस्तर खतरनाक स्तरसम्म झर्दै गम्भीर जनस्वास्थ्य चुनौती सिर्जना भएको समाचारमा उल्लेख छ।

केही दिनसम्म लाहोर पूरै धुवाँ–धुलोको मिश्रणले ढाकिएको थियो। यसमा कम गुणस्तरको डिजेल धुवाँ, चिसो मौसमसँगै झरिरहेको तापक्रम र मौसमी कृषि जलाउने कामले थप योगदान गरेको बताइएको छ। एक अवस्थाको चर्चा गर्दै वायु प्रदूषण लाहोरमा विश्व स्वास्थ्य सङ्गठन (डब्लुचओ) ले तोकेको सुरक्षित स्तरभन्दा ८० गुणा बढी पुगेको पनि जनाइएको छ।

विषाक्त वायु, बढ्दो स्वास्थ्य जोखिम र कडा प्रदूषणको प्रभावबाट सर्वसाधारणलाई जोगाउन प्रान्तीय सरकारले विद्यालयहरू बन्द गर्नुका साथै भोजनालय, बजार तथा अन्य व्यवसायिक प्रतिष्ठानहरूको समयसीमा समेत सीमित गरेको एआरवाई न्युजले उल्लेख गरेको छ।

यसअघि डन दैनिकले कतिपय अन्य सहरी केन्द्रहरूले पनि एक्युआई ३०० भन्दा माथिको स्तर दर्ता गरेको बताउँदै अधिकारीहरूले बासिन्दाहरूलाई बाहिरी गतिविधि न्यून गर्न, झ्याल-ढोका बन्द राख्न, बाहिर निस्कँदा मास्क प्रयोग गर्न र घरभित्र एयर प्युरिफायर चलाउन आग्रह गरेको उल्लेख गरेको थियो।

ह्युमन राइट्स वाचले नागरिकहरूलाई सूचित गर्दै एक प्रतिवेदनमा हरियाली क्षेत्रको विनाश, कृषि जग्गामा कन्क्रिट संरचनाहरूको विस्तार, बाली जलाउने प्रचलन र व्यावहारिक सार्वजनिक यातायात प्रणालीको अभावले लाहोरमा वायु प्रदूषण वर्षौंदेखि झनै बिग्रँदै गएको बताएको छ।

यातायात, ताप प्रयोजनका इन्धन, फोहोर जलाउने प्रथा, बिजुली उत्पादन तथा अन्य औद्योगिक गतिविधिहरूमा जीवाश्म इन्धनको अत्यधिक प्रयोग नै वायु प्रदूषणको वृद्धि भएको प्रमुख कारण रहँदै आएको प्रतिवेदनमा उल्लेख छ।

# मुख्यमन्त्रीको नियुक्ति र सपथविरुद्धको रिटमाथिको सुनुवाइ स्थगित

**दैनिक समाचारदाता**
**राजविराज, ३० कात्तिक ।** मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवको नियुक्ति र सपथविरुद्धको रिटमाथि सर्वोच्च अदालतमा आइतबार हुने भनिएको सुनुवाइ स्थगित भएको छ ।

आइतबार हुने भनिएको सुनुवाइ सोमबारसम्मका लागि सरेको हो । रिटमाथिको सुनुवाइ न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र नृपध्वज निरौलाको संयुक्त इजलासमा तोकिएको थियो । अन्तरिम आदेशका सम्बन्धमा आइतबार हुने सुनुवाइ भोलि सोमबार हुने छ ।

पछिल्लो कही समययता अस्थिर रहेको मधेश सरकारमा हाल सबैभन्दा ठूलो दल नेकपा एमालेको संसदीय दलका नेता सरोजकुमार यादवको नेतृत्वमा सरकार बनेको छ ।

तर, तत्कालीन प्रदेश प्रमुख सुमित्रा सवेदी भण्डारीले एमाले दलका नेता यादवलाई महोत्तरी र सिन्धुलीको सिमानामा पर्ने बर्दिबास नगरपालिका ३ कालापानीस्थित पानस होटलमा पुगेर एमाले दलका नेता सरोजकुमार यादवलाईमुख्यमन्त्री पदको शपथ खुवाइन् । त्यसपछि विवाद चर्किएको हो ।

त्यसविरुद्ध मधेश प्रदेशका ७४ सांसदले सर्वोच्च अदालतमा रिट दर्ता गराएका हुन् ।

# संसद् पुनःस्थापना भएसँगै मुलुकले राजनीतिक निकास पाउने : अध्यक्ष ओली

काठमाडौँ, ३० कात्तिक (रासस) । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले मुलुकलाई राजनीतिक निकास दिन विघटित प्रतिनिधिसभा पुनःस्थापना हुनुपर्ने धारणा व्यक्त गर्नुभएको छ ।

प्रेस चौतारी नेपालको टोलीसँग आइतबार गुण्डुस्थित निवासमा छलफल गर्दै अध्यक्ष ओलीले असंवैधानिक र अनधिकृत ढङ्गबाट संसद् विघटन भएकाले पुनःस्थापना हुनुपर्ने माग दोहोर्‍याउनुभएको हो । उहाँले यसरी असंवैधानिक तरिकाले संसद्लाई विघटन गर्दै जाँदा मुलुकको राजनीतिक प्रणालीमा गलत नजिर बस्नसक्ने भनी चिन्ता व्यक्त गर्नुभयो ।

उहाँले संसद् पुनःस्थापनाबाट मात्र देशले राजनीतिक निकास पाउने विश्वाससहित आफ्नो पार्टी पुनःस्थापनाका पक्षमा रहेको स्पष्ट गर्नुभयो । पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका एमाले अध्यक्ष ओलीले पत्रकारिता क्षेत्रमा स्वतन्त्रता कायम हुनुपर्नेमा जोड दिनुभयो ।

छलफलमा प्रेस चौतारी नेपालका अध्यक्ष गणेश पाण्डेले वर्तमान अवस्थामा सञ्चारमाध्यमको अवस्था, पत्रकारप्रति बढेको सुरक्षा संवेदनशीलता र प्रेस चौतारीका गतिविधिका बारेमा जानकारी गराउनुभएको थियो ।

# तीन महिनामा साढे पाँच खर्बभन्दा बढी रेमिटचान्स भित्रियो

काठमाडौँ, ३० कात्तिक (रासस) । चालू आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिनामा साढे पाँच खर्बभन्दा बढी रेमिटचान्स भित्रिएको छ ।

नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको चालू आर्थिक वर्ष २०८२/८३ को असोज महिनासम्मको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन अनुसार विप्रेषण आप्रवाह ३५ दशमलव चार प्रतिशतले वृद्धि भई रु पाँच खर्ब ५३ अर्ब ३१ करोड पुगेको हो ।

गत असोज महिनामा मात्र रु दुई खर्ब एक अर्ब २२ करोड विप्रेषण आप्रवाह भएको राष्ट्र बैंकले जनाएको छ ।

यो अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु छ खर्ब १० अर्ब ६१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु चार खर्ब ४३ अर्ब ७६ करोड रहेको थियो ।

पछिल्लो तीन महिना अवधिमा वैदेशिक रोजगारीका लागि संस्थागत तथा व्यक्तिगततर्फ अन्तिम श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या एक लाख २३ हजार ४५९ र पुनःश्रम स्वीकृति लिनेको सङ्ख्या ७७ हजार २५७ रहेको छ ।

# मधेशमा राष्ट्रपति शासनको माग

**दैनिक समाचारदाता**
**जनकपुर, ३० कात्तिक ।** मधेसमा प्रदेशसभा विघटन गरी राष्ट्रपति शासन लागू गर्न माग गरिएको छ । राजनीतिक किचलोबाट आजित भएर जनकपुरधामका युवाहरूले सो माग गरेका हुन् ।

जनकपुरधामका युवाहरूको एक समूहले आइतबार प्रदेश प्रमुख डा.सुरेन्द्र लाललाई ज्ञापन पत्र बुझाउँदै राष्ट्रपति शासन लागू गर्न माग गरेका छन् ।

उनीहरूले पछिल्लो समयमा देखिएको भ्रष्टाचार, बेथिति तथा राजनीतिक नाटकले मधेसी जनता आजित भएको भन्दै राष्ट्रपति शासन एक मात्र विकल्प रहेको ज्ञापनपत्रमा ठहर गरेका छन् ।

तत्कालीन मुख्यमन्त्री जितेन्द्र सोनलको राजीनामा पछि प्रदेशमा बढेको सत्ताको छिनाझपटीले सङ्घीयतासँगै मधेसी जनता समेत बदनाम भएको उनीहरूले भनाइ छ । ज्ञापनपत्रमा प्रदेशसभालाई विघटन गरी नागरिक सरकार वा राष्ट्रपति शासनमार्फत नयाँ निर्वाचनमा जानु उपयुक्त हुने सुझाव दिइएको छ ।

### राजविराजका ...

खैरो हिरोइन ल्याएर राजधानी काठमाडौँलाई केन्द्र बनाई बिक्री दुई भारतीय नागरिकसहित चार जनालाई पक्राउ गरी आइतबार सार्वजनिक गरेको हो ।

खैरो हिरोइन भारतबाट ल्याएर काठमाडौँमा केन्द्र बनाई कारोबार गर्ने गरेको अनुसन्धानमा खुलेको उनले जानकारी दिदै पक्राउ परेका व्यक्तिमाथि लागुऔषध (नियन्त्रण), ऐन २०३३ बमोजिम थप अनुसन्धान भइरहेको उनको भनाई छ ।

### कार्यालय प्रमुखको ...

संस्थानबाट दिइने सेवाहरु कुशलतापूर्वक प्रदान गरिरहेको निमित्त कार्यालय प्रमुख राजाराम यादवको अन्यत्र सरुवा गरिएकोले सो सरुवा रोकिनु पर्ने तथा सुधारका अन्य मुद्दाहरु सम्बोधनका लागि दवाब दिने उद्देश्यले तालाबन्दी गरिएको जेनजी अगुवा आलमले बताएका छन् ।

उनले निमित्तका ठाउँमा अर्का निमित्त कार्यालय प्रमुख नै राख्न खोजिएको भन्दै आपत्ति समेत जनाएका छन् । यादवको सरुवा संस्थानलाई कमजोर बनाउने खेल भएको उनको दाबी छ ।

कार्यालय प्रमुख यादवको सरुवा रोक्नुका साथै संस्थानबाट दिइने सेवाहरुमा थपविस्तार र सुधारका लागि यस अघि शुक्रबार प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलमार्फत प्रधानमन्त्री, खानेपानी मन्त्रालय तथा नेपाल खानेपानी संस्थान केन्द्रिय कार्यालयमा ज्ञापनपत्र पठाएर ध्यानाकर्षण गराउदा पनि कुनै पहल नभएकाले तालाबन्दी गर्नु परेको उनीहरुले जनाएका छन् ।

---

डाक्नेश्वरी नगरपालिका
Dakneshwori Municipality
**वडा नं. ९ को कार्यालय**
**(Office of Ward No. 9)**
पत्थरगाडा, सप्तरी
(Pathargada, Saptari)
मधेश प्रदेश, नेपाल
(Madhesh Province, Nepal)

प.सं. :- ०८२/०८३
च.नं. :- ४६२
मिति:- २०८२।०७।२६

श्री यो जो जस संग सम्बन्ध राख्दछ ।

विषय : - छुट जग्गाको सुचना प्रकाशित गरिदिने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा जि.स.साबिक गा.वि.स.सखुवा कचंदा शम्भुनाथ वडा नं.८ हाल शम्भुनाथ न.पा. वडा नं.४ बस्ने स्व.बुगनमा देवको नातीनी स्व.तारा प्रसाद देवको छोरी सरीता कुमारी देवको निवेदन माँग अनुसार ऐ.ऐ.बस्ने स्व.मोहनलाल देव र स्व.तारा प्रसाद देव नाउँमा दर्ता कायम रहेको जग्गा जि.स.प्रगन्ना मझौवा मौजे सखुवा पत्थरगाडाको तपसिलमा उल्लेखित जग्गा छुट रहेको हुदा सो उल्लेखित जग्गा कुनै सार्वजनिक स्थल बाटो घाटो,शिक्षण संस्था,मठ मन्दिर कुलो पैनी, ऐलानी प्रती,गौचर स्मसान घाट आदिको जग्गा हो कि होइन सो जग्गाको १५ दिने सुचना जारी गरि दिनुहुनको साथै उक्त जग्गामा कसैको हक दावि भए प्रमाण सहित यस वडा कार्यालयमा लिएर आउन जानकारी गराई दिनुहुनका लागि सिफारिस साथ अनुरोध छ ।
छ ।

तपसिल :

| पंचायत गा.वि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | छुट जग्गा दर्ता निवेदक | कै. |
|---|---|---|---|---|---|
| सखुवा पत्थरगाडा हाल डाक्नेश्वरी न.पा. ९ | ६ (ख) | साबिक कि.न २८३ हाल कि.नं.२९४ | ०-८-६-० मध्ये पुर्व तर्फ बाट ०-४-३ | सरिता कुमारी देव | |
| सखुवा पत्थरगाडा हाल डाक्नेश्वरी न.पा. ९ | ६(ख) | साबिक कि.न.४१७ हाल कि.नं.६८ | ०-७-० मध्ये पुर्व तर्फ बाट ०-३-१० | सरिता कुमारी देव | |
| सखुवा पत्थरगाडा हाल डाक्नेश्वरी न.पा. ९ | ६(क) | साबिक कि.न.६८८ हाल कि.नं.२२४ | ०-२-१.५०-० मध्ये पुर्व तर्फ बाट ०-१-०.७५ | सरिता कुमारी देव | |
| सखुवा पत्थरगाडा हाल डाक्नेश्वरी न.पा. ९ | ६(क) | साबिक कि.न.५७३ हाल कि.नं.२३७ | ०-२-१४.५०-० मध्ये उत्तर तर्फ बाट ०-१-७.२५ | सरिता कुमारी देव | |
| सखुवा पत्थरगाडा हाल डाक्नेश्वरी न.पा. ९ | ६(क) | साबिक कि.न.५७९ हाल कि.नं.२३५ | ०-१-१६-० मध्ये उत्तर तर्फ बाट ०-०-१८ | सरिता कुमारी देव | |
| सखुवा पत्थरगाडा हाल डाक्नेश्वरी न.पा. ९ | ६(क) | साबिक कि.न.२९५ कित्ते हाल कि.नं.५३४ | १-३-१५-० मध्ये दक्षिण तर्फ बाट ०-११-१७.५० | सरिता कुमारी देव | |

कर्णदेव चौधरी
वडा अध्यक्ष
**कर्णदेव चौधरी**
**वडा अध्यक्ष**




---

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज**

मिति :-२०८२/०७/२६

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. १३ फनिलालको नाममा कायम रहेका साविक प्रगन्ना पंकरी मौजे बेल्हीको सा.कि.नं. ४४९ को ज.वि. १-३-१ मध्ये ०-५-१२ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स तिलाठी वडा नं.८ हाल तिलाठी कोइलाडी गा.पा. वडा नं. १ बस्ने उदित नारायण दासको बुहारि अंजनि कुमार दासको पत्नी श्रीमती श्यामा देवी कायस्थको यस कार्यालयमा द.नं. २१६९५ मिति २०८१/१२/०६ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२/०७/२६ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४४९ | फनिलाल | तिलाठी | ९ख | ९/२२५ | ०-१३-७ मध्ये दक्षिण तर्फबाट ०-६-१ | श्रीमती श्यामा देवी कायस्थ | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा तिलाठी वाड नं. ३ बस्ने फनिलाल दासको नम्बरी हो रहेको। |

किशोर कुमार राम
कार्यालय प्रमुख

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*